आज मिति २०८१।१२।०४ गते सोमवारका दिन गाउँपालिकाका अध्यक्ष श्री प्रेम बहादुर भुजेलज्यूको अध्यक्षतामा देहायका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको वैठक बसी निम्न प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

आ.व.: २०८१।८२ वैठक सङ्ख्या: ४७ समय : विहान ११:०० बजे स्थान: गाउँपालिका भवन

| क्र.सं. | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रेम बहादुर भुजेल | |
| २ | उपाध्यक्ष | श्री जितेन्द्रमान तामाङ | |
| ३ | सदस्य | श्री लेख बहादुर श्रेष्ठ | |
| ४ | सदस्य | श्री सुजन भण्डारी | |
| ५ | सदस्य | श्री ज्ञान बहादुर तामाङ | |
| ६ | सदस्य | श्री लोक बहादुर कुँवर | |
| ७ | सदस्य | श्री अञ्चल कुमार लामा | |
| ८ | सदस्य | श्री भरत बहादुर शिवभक्ती | |
| ९ | सदस्य | श्री रमेश राज खरेल | |
| १० | सदस्य | श्री मोतिलाल तामाङ | |
| ११ | सदस्य | श्री दल बहादुर तामाङ | |
| १२ | सदस्य | श्री केशरमान लामा | |
| १३ | सदस्य | श्री कल्पना पहरी | |
| १४ | सदस्य | श्री कुमारी विश्वकर्मा | कुमारी |
| १५ | सदस्य | श्री चमेली परियार | चमेली |
| १६ | सदस्य | श्री शान्ती ठकुरी | शान्ती |
| १७ | सदस्य | श्री सुलभ पहरी | |
| १८ | सदस्य | श्री विष्णु बहादुर पहरी | |
| १९ | सचिव | श्री कृष्ण बहादुर खत्री | |

सहजकर्ता कर्मचारी:

१. श्री विजय कुमार थापा

२. श्री अमर कुमार श्रीवास्तव

३. श्री प्रकाश [illegible]

सहयोगी कर्मचारी:

१. श्री अमिता लामा

Scanned with CamScanner

भुम्लु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सल्ले भुम्लु, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

# ४७ औँ कार्यपालिका बैठक
## २०८१ चैत्र ४ गते

प्रस्तावनाहरु

१. खुला प्रधानाध्यापक नियुक्ति कार्यविधि स्वीकृत सम्बन्धमा ।
२. गृहणी महिला शसक्तीकरण कार्यक्रम सञ्चालन सम्बन्धमा ।
३. भेरियसन एवस् म्याद थप सम्बन्धमा ।
४. उपभोक्ता समितिबाट गरिने विकास निर्माणको सम्झौता मिति कायम सम्बन्धमा
५. विपद सामग्री वितरण सम्बन्धमा
६. बाढी पीडितका लागि राहत सहयोग वितरण सम्बन्धमा
७. पालिकागत खरबन्दी तेरिज कार्यक्रम
८. नापी अधिकृतको सेवा सुविधा सम्बन्धमा
९. विद्युतीय चुलो वितरण सम्बन्धमा
१०. कार्यप्रक्रिया सम्बन्धी प्रतिवेदन सम्बन्धमा ।
११. ५० प्रतिशत अनुदानमा रेशम खेती विकास कार्यक्रम सम्बन्धमा
१२. अन्तराष्ट्रिय योगा प्रतियोगितामा सहभागी पठाउने सम्बन्धमा
१३. विविध
- एकिकृत घुम्ती सेवा एवम् वडास्तरीय योजना पहिचान सम्बन्धमा
- सार्वजनिक सुनुवाई सम्बन्धमा
- गाउँपालिकाले कृषकसँग खरिद गर्ने कृषि तथा जडीबुटी जन्य सामग्रीको मूल्य कायम सम्बन्धमा
- एक वडा एक उत्पादन कार्यक्रम अन्तर्गत भुम्लु गाउँपालिका वडा नं ४ मा किवि खेती सञ्चालन
- मौरी वितरण सम्बन्धमा
- प्राकृतिक दस्तुर सङ्कलन सम्बन्धमा
- चौवास सामुदायिक स्वास्थ्य इकाइ खानेपानी व्यवस्थापन सम्बन्धमा
- कर्मचारी वनभोज कार्यक्रममा निमन्त्रणा सम्बन्धमा
- इ हाजिरी व्यवस्थापन सम्बन्धमा

२०८१।१२।४

कृष्ण बहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण बहादुर
प्रमुख प्रशासकीय अधिकृत

**निर्णयहरु**

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा भुम्लु गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा खुला विज्ञापनबाट प्रधानाध्यापक छनौट गरी विद्यालय प्रशासनलाई मझवुद बनाउनका लागि विद्यायन समितिबाट पेश भएको खुला प्रधानाध्यापक छनौट सम्बन्धी कार्यविधि २०८१ लाई आवश्यक भाषागत संशोधन सहित पास गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय सामाजिक विकास कार्यालय धुलिखेल काभ्रेपलाञ्चोक र भुम्लु गाउँपालिका बीच मिति २०८१/०९/२६ मा गृहणी महिला शसक्तीकरण कार्यक्रम सञ्चालन गर्न भएको सम्झौता बमोजिम पहिलो पक्षले उपलब्ध गराउने अनुदान रकम रु.१८६६८१७/- र गाउँपालिकाले लागत साझेदारी गर्ने रकम रु.८०००६४/- गरी कुल रकम रु.२६६६८८१/- व्यवस्थापन भएको सम्झौतामा भएको शर्तहरुको अधिनमा रही तपसिल बमोजिमको कार्यक्रम सञ्चालन गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

**तपसिल**

| क्र.स. | सञ्चालन गरिने कार्यक्रम | वडा | विनियोजन रकम | कैफियत |
|---|---|---|---|---|
| १ | महिला उद्यमी कार्यक्रम | २ | ५३३३७६/- | |
| २ | महिला उद्यमी कार्यक्रम | ३ | ५३३३७६/- | |
| ३ | महिला उद्यमी कार्यक्रम | ४ | ५३३३७६/- | |
| ४ | महिला उद्यमी कार्यक्रम | ९ | ५३३३७६/- | |
| ५ | महिला उद्यमी कार्यक्रम | १० | ५३३३७६/- | |

३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा भुम्लुडाँडा देखि भिमसेनस्थान जाने बाटो स्तरउन्नती योजनाको मातृभूमि निर्माण सेवा प्रालिसँग रु.७२,५२,१४६/- मा सम्झौता भएकोमा असोज १० देखि १२ सम्मको बाढीको कारण जमिन बगी मानव वस्तीमा क्षति पुग्न सक्ने देखिएको हुँदा योजना स्थलमा मानव वस्ती संरक्षणका लागि थप मेसिनरी वाल र अन्य आइटमहरु थपघट गर्नु पर्ने भएको कारण रु.१०,७४,२०६।२५ रकम थप भएको हुँदा सम्झौता रकमको १४.८ प्रतिशत भेरिएसन आदेश स्वीकृत गर्ने निर्णय गरियो । यसका साथै यस गाउँपालिकाबाट आह्वान भएको लप्सेखोला टारीस्वारा लिफ्ट सिचाई भुम्लु-२ (BRM/SQ/02/078/79) र वडा कार्यालय भवन दोस्रो तल्ला निर्माण भुम्लु-९, (BRM/NCB/WB/06/078/79) को म्याद थपका लागि निर्माण कम्पनी फ्रेण्डस् इन्भेष्टमेन्ट एण्ड कन्ट्रक्सन कम्पनी प्रा.लि.को निवेदन प्राप्त हुन आएको हुँदा सम्वन्धित वडा अध्यक्षको रोहबरमा छलफल भए पश्चात म्याद थप गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो।

४. प्रस्ताव नं. ४ उपर छलफल गर्दा आ.व. २०८१/८२ मा वडा एवम् गाउँपालिकाबाट सञ्चालन गरिने विकास निर्माणका कार्यहरु उपभोक्ता समिति वा टेन्डरबाट गरिने भएको हुँदा दुबै विधिबाट विकास निर्माणका कार्य गर्दा समयमा नै कार्यसम्पादन गरी घाटा बजेट व्यवस्थापन गर्न यही मिति २०८१ चैत्र मसान्त पछि कुनै पनि उपभोक्ता समिति वा बोलपत्र आह्वानबाट

Scanned with CamScanner

कृष्ण बहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत

गरिने सम्झौता नगरिने र सम्झौता भएका योजनाहरुको नियमित अनुगमन तथा निरीक्षण गरी जेष्ठ मसान्त सम्म, भुक्तानीको व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

५. प्रस्ताव नं. ५ उपर छलफल गर्दा यही असोज १० देखि १२ सम्मको अविरल बर्षाको कारण आएको बाढीका कारण खानेपानी एवम् अन्य भू-भागमा पुगेको क्षतिको पुर्ननिर्माणका लागि गाउँपालिकाबाट खुला बोलपत्र आव्हान मार्फत खरिद गरिएको पाइप र ग्याविन जालिको वितरण मापदण्ड पुरा गरी वडागत रुपमा माग भएको परिणाम मध्ये ५०% मात्र वितरण गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

६. प्रस्ताव नं. ६ उपर छलफल गर्दा यही असोज १० देखि १२ गतेसम्मको अविरल वर्षाको कारण आएको बाढी पहिरो पीडितहरुका लागि युनिसेफबाट प्राप्त रकम एवम् गाउँपालिकाको विपद व्यवस्थापन कोषको रकमबाट कृषि तथा पशुपंक्षिमा भएको क्षतिको राहत रकम विपद व्यवस्थापन समितिको मिति २०८१ फागुन २३ गतेको बैठकबाट निर्णय भए बमोजिम सम्बन्धित पीडितको खातामा रकम निकासा दिने व्यवस्था मिलाउने तर पीडित घरमूलीको खाता सञ्चालन नभएको र तत्काल खाता सञ्चालन हुने संभावना नभएमा घरमूलीले इच्छाएको नजिकको हकवालाको नाममा घरमूलीको मञ्जुरीनामा र वडाको सिफारिसका आधारमा भुक्तानी दिने व्यवस्था मिलाउने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

७. प्रस्ताव नं. ७ उपर छलफल गर्दा गाउँपालिका र अन्तर्गतका कार्यालयहरुमा रहेको स्वीकृत दरबन्दीका सम्बन्धमा सङ्घीय सरकारबाट स्वीकृत भई आएको दरबन्दी तेरिज र पालिकाले यस अघि तयार गरी प्रयोगमा आएको दरबन्दी तेरिजका सम्बन्धमा एकरुपता नभएकोले कर्मचारी व्यवस्थापनमा समस्या सिर्जना भएको कारण हालको गाउँपालिकाको आवश्यकता बमोजिम भुम्लु गाउँपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (Organization and Management,O AND M Survey) को पुनरावलोकनका लागि तपसिल बमोजिमको समिति गठन गरी समितिको प्रतिवेदनका आधारमा भुम्लु गाउँपालिकाको सङ्गठन तथा व्यवस्थापन संरचना स्वीकृत गरिने एवम् हाल प्रयोगमा रहेको दरबन्दी तेरिजमा सहायक चौथो तहको दरबन्दी रहेको तर बागमती प्रदेश,स्थानीय सेवा(गठन तथा सञ्चालन ) ऐन २०७९ मा चौथो तहमा घिज्ञापन तथा पदपूर्तिको व्यवस्था नरहेका कारण प्रशासन सेवा लगायतका चौथो तहका कर्मचारी व्यवस्थापन हुंन नसकेको हुँदा तत्कालका लागि चौथो तहको दरबन्दीलाई पाँचौ वा सो सरह दरबन्दी कायम गरी सरुवा वा प्रदेश लोकसेवा आयोगमा माग आकृति पठाउन कर्मचारी व्यवस्थापन मिलाउने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

८. प्रस्ताव नं. ८ उपर छलफल गर्दा भुम्लु गाउँपालिका वडा नं ७ र ८ को लालपूर्जा वितरण कार्यक्रमका लागि विज्ञ जनशक्तिको आवश्यकता पर्ने भएको हुँदा नापी अधिकृत/सर्वेक्षकका रुपमा नेपाल सरकारका सेवा निवृत्त कर्मचारीहरु पुष १ गतेदेखि परामर्श सेवा खरिद मार्फत कामकाजमा लगाइएकोमा सोको अनुमोदन एवम् सेवा निवृत्त कर्मचारीहरुको सेवा सुविधा मासिक रु.४०,०००/- निर्धारण गरी सम्झौता बमोजिम नापी कार्यालय, धुलिखेलमा भुम्लु

Scanned with CamScanner

गाउँपालिका वडा नं. ७ र ८ को लालपूर्जा वितरण सम्बन्धी कार्य गर्नका लागि कामकाज गर्न खटाउने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

९. प्रस्ताव नं. ९ उपर छलफल गर्दा आर्थिक वर्ष २०८०/८१ मा खरिद गरिएको विद्युतीय चुलो वितरणका लागि विद्युतीय चुलो उपयोग तथा वितरण कार्यविधि २०८१ अनुसार सूचना प्रकाशन गरी माग सङ्कलम गरिएकोमा वडागत रुपमा माग प्राप्त भएका आधारमा तपसिल बमोजिम आधार तथा सङ्ख्यामा वितरण गर्न वडा कार्यालयलाई विद्युतीय चुलो हस्तान्तरण गर्ने व्यवस्था मिलाउने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

लाभग्राही घरपरिवारको छनौटको आधारहरु :

विद्युतीय चुलो उपयोग तथा वितरण कार्यविधि २०८१ को नियम ४ को उपनियम घ बमोजिम लाभग्राही घरपरिवारको छनौटको आधारहरुः

- बृद्ध,एकल महिला विधवा महिला आर्थिक रुपले विपन्न परिवार
- दलित असहाय महिला अपाङ्गता भएका घर परिवार

| आ व २०८०.८१ मा खरिद गरी स्टोर दाखिला भएका विद्युतीय चुलोको वडागत माग एवम् वितरण | | | | | |
|---|---|---|---|---|---|
| क्र.स. | सामग्रीको नाम | वडा | वडागत माग | वितरण गर्न सकिने सङ्ख्या | कैफियत |
| 1 | विद्युतीय चुलो | वडा नं. १ | १८४ | ३६ | |
| 2 | विद्युतीय चुलो | वडा नं. २ | ६५ | ३५ | |
| 3 | विद्युतीय चुलो | वडा नं. ३ | ५ | ५ | |
| 4 | विद्युतीय चुलो | वडा नं. ४ | ५३ | ३५ | |
| 5 | विद्युतीय चुलो | वडा नं. ५ | २९ | २९ | |
| 6 | विद्युतीय चुलो | वडा नं. ६ | ९३ | ३५ | |
| 7 | विद्युतीय चुलो | वडा नं. ७ | १५ | १५ | |
| 8 | विद्युतीय चुलो | वडा नं. ८ | ७६ | ३५ | |
| 9 | विद्युतीय चुलो | वडा नं. ९ | ९६ | ३५ | |
| 10 | विद्युतीय चुलो | वडा नं. १० | १३९ | ३५ | |
| जम्मा | | | ७५५ | २९५ | |

माग र वितरण गरिने वडागत सङ्ख्या

१०.प्रस्ताव नं. १० उपर छलफल गर्दा नापी अधिकृत जयराम तामाङ, मालपोत अधिकृत गंगा प्रसाद पोखरेल, भुम्लु गाउँपालिका वडा नं.८ का वडा अध्यक्ष मोती लाल तामाङ एवम् वडा न. ७ का वडा अध्यक्ष रमेशराज खरेल सहितको प्रतिवेदक समितिले भुम्लु गाउँपालिका वडा नं. ७ र ८ (साविक पिपलटार) को नक्सा अध्यावधिक, श्रेस्ता/लालपूर्जा तयारी र वितरण सम्बन्धी सिलसिलेवार कार्य प्रक्रिया सम्बन्धी प्रतिवेदन मिति २०८१ फागुन २२ गते पेश गरेकोमा उक्त

२०८१/१२/४ कृष्ण बहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

१२.प्रस्ताव नं. १२ उपर छलफल गर्दा भुम्लु गाउँपालिका वडा नं.३ स्थित श्री वनदेवी माध्यमिक विद्यालयमा अध्यनरत छात्र सजन जि सी ले राष्ट्रिय योगा प्रतियोगितामा तेस्रो स्थान हासिल गर्न सफल भएकोमा गाउँपालिकाको तर्फबाट बधाई ज्ञापन गर्ने एवम् मलेसियामा अप्रिल ५ र ६ तारिखमा हुने अन्तर्राष्ट्रिय योगा प्रतियोगितामा पठाउने र सोको व्यवस्थापनका लागि गाउँपालिकाको तर्फबाट रु.५० हजार आर्थिक सहयोग उपलब्ध गराउने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

१३.विविधः

- गाउँपालिकाले कृषकसँग खरिद गर्ने कृषि तथा जडीबुटी जन्य सामाग्रीको सङ्कलन, मूल्य निर्धारण, उपयोग तथा बजारीकरण सहितको प्रतिवेदन कृषि शाखाले पेश गर्ने निर्णय गरियो।
- एक वडा एक उत्पादन कार्यक्रम अन्तर्गत भुम्लु गाउँपालिका वडा नं.७ (साविक वडा नं.४ भिरखर्क) अन्तर्गतको जग्गामा कफि खेती क्षेत्र निर्धारण गरी कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित निकायमा पेश गर्ने निर्णय गरियो।
- एक घर एक घार मौरी प्रवर्द्धन कार्यक्रम भुम्लु-१,७ र ८ को कार्यक्रममा सिताराम फर्निचर तथा मौरी घार उद्योगले खरिद सम्झौता गर्दा १७० वटा घार सम्झौता भएकोमा कृषकहरुबाट १४२ वटा मात्र घार माग भएकोले २८ वटा घार घट्न गई रु.१७५९५००/- सम्झौता भएकोमा रु.२९३८००/- घटेर रु.१४६९७०० सम्झौता कायम भई १६.४७% भेरियसन स्वीकृत गर्ने निर्णय गरियो।
- भुम्लुटार र सापिङ सडकखण्ड निर्माणक्रममा प्राप्त ढुङ्गा सङ्कलन तथा विक्री गर्न प्रदेश सरकारले निर्धारण गरेको दररेट बमोजिम राजश्व सङ्कलन कार्यलाई अनुमोदन गर्ने निर्णय गरियो।
- भुम्लु गाउँपालिका वडा नं.७ चिलङ्खुमा रहेको बाँझो जग्गामा चिया खेती गर्ने निर्णय गरियो।
- भुम्लु गाउँपालिका अन्तर्गत प्रत्येक वडामा डढेलो नियन्त्रणका लागि २ जना हेरालु नियुक्त गर्ने निर्णय गरियो।
- भुम्लु गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयका छात्राहरुको लागि सेनिटरी प्याड वितरण तथा व्यवस्थापन गर्न देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो।
  - स्थानीय तहको उपाध्यक्ष – संयोजक
  - शान्ति ठकुरी (कार्यपालिका सदस्य) – सदस्य
  - स्वास्थ्य शाखाका अधिकृत वा कर्मचारी एक जना – सदस्य
  - विद्यालयका सम्पर्क व्यक्तिमध्येबाट स्थानीय तहले तोकेको दुई जना – सदस्य
  - महिला तथा बालबालिका शाखाका अधिकृत वा कर्मचारी एक जना – सदस्य
  - शिक्षा शाखाका अधिकृत वा कर्मचारी एक जना – सदस्य सचिव
- भुम्लु गाउँपालिकाको प्रशासनिक भवन निर्माण गर्न आवश्यक जग्गा वनलाई सोधभर्ना गर्न भुम्लु गा.पा. वडा नं.०५ स्थायी ठेगाना भएका श्री धन लक्ष्मी खड्काको नाममा रहेको कित्ता नं.१२२४ को क्षेत्रफल ०-१४-०-० जग्गा सोधभर्ना गर्दा लाग्ने राजस्व छुटको लागि मालपोत कार्यालय, काभ्रेपलाञ्चोकलाई पत्राचार गर्ने निर्णय गरियो। साथै उक्त जग्गा पास गर्नको लागि यस गाउँपालिकाका न्यायिक सहजकर्ता श्री राजु लामालाई प्रतिनिधिको रुपमा पठाउने समेत निर्णय गरियो।

कृष्ण बहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

प्रतिवेदन स्वीकृत गरी प्रतिवेदन अनुरुप कार्यप्रक्रिया अगाडी बढाउने निर्णय सर्वसम्मत रुपमा पारित गरियो।

११.प्रस्ताव नं.११ उपर छलफल गर्दा आ व २०८१/८२ मा कृषि शाखा तर्फ ५० प्रतिशत अनुदानमा रेशम खेती विकास कार्यक्रमका लागि रु.१ लाख विनियोजन भएकोमा रेशम खेती कार्यक्रम सञ्चालनका लागि भुम्लु गाउँपालिको वडा नं.४ स्थित ओख्रे क्षेत्रलाई रेशम खेती क्षेत्र कायम गरी उक्त क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

१२.प्रस्ताव नं. १२ उपर छलफल गर्दा भुम्लु गाउँपालिका वडा नं.३ स्थित श्री वनदेवी माध्यमिक विद्यालयमा अध्यनरत छात्र सजन जि सी ले राष्ट्रिय योगा प्रतियोगितामा तेस्रो स्थान हासिल गर्न सफल भएकोमा गाउँपालिकाको तर्फबाट बधाई ज्ञापन गर्ने एवम् मलेसियामा अप्रिल ५ र ६ तारिखमा हुने अन्तर्राष्ट्रिय योगा प्रतियोगितामा पठाउने र सोको व्यवस्थापनका लागि गाउँपालिकाको तर्फबाट रु.५० हजार आर्थिक सहयोग उपलब्ध गराउने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

१३.विविधः

- गाउँपालिकाले कृषकसँग खरिद गर्ने कृषि तथा जडीबुटी जन्य सामाग्रीको सङ्कलन, मूल्य निर्धारण, उपयोग तथा बजारीकरण सहितको प्रतिवेदन कृषि शाखाले पेश गर्ने निर्णय गरियो।
- एक वडा एक उत्पादन कार्यक्रम अन्तर्गत भुम्लु गाउँपालिका वडा नं.७ (साविक वडा नं.४ भिरखर्क) अन्तर्गतको जग्गामा कफि खेती क्षेत्र निर्धारण गरी कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित निकायमा पेश गर्ने निर्णय गरियो।
- मिति २०८१/१०/०९ गते प्रकाशित सूचना बमोजिम तोकिएको म्याद भित्र १४२ घरपरिवारले २०८ थान माग निवेदन पेश गरेकोले प्रति एक घर, एक मौरी घार १४२ घरपरिवारलाई वितरण गर्ने साथै वितरण गर्नु पूर्व ३ दिनको मौरी पालन सम्बन्धी तालिम सञ्चालन गर्ने निर्णय गरियो।
- भुम्लुटार र सापिङ सडकखण्ड निर्माणक्रममा प्राप्त ढुङ्गा सङ्कलन तथा विक्री गर्न प्रदेश सरकारले निर्धारण गरेको दररेट बमोजिम राजश्व सङ्कलन कार्यलाई अनुमोदन गर्ने निर्णय गरियो।
- भुम्लु गाउँपालिका वडा नं.७ चिलङ्खुमा रहेको बाँझो जग्गामा चिया खेती गर्ने निर्णय गरियो।
- भुम्लु गाउँपालिका अन्तर्गत प्रत्येक वडामा डढेलो नियन्त्रणका लागि २ जना हेरालु नियुक्त गर्ने निर्णय गरियो।
- भुम्लु गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयका छात्राहरुको लागि सेनिटरी प्याड वितरण तथा व्यवस्थापन गर्न देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो।
    - स्थानीय तहको उपाध्यक्ष – संयोजक
    - शान्ति ठकुरी (कार्यपालिका सदस्य) – सदस्य
    - स्वास्थ्य शाखाका अधिकृत वा कर्मचारी एक जना – सदस्य
    - विद्यालयका सम्पर्क व्यक्तिमध्येबाट स्थानीय तहले तोकेको दुई जना – सदस्य
    - महिला तथा बालबालिका शाखाका अधिकृत वा कर्मचारी एक जना – सदस्य
    - शिक्षा शाखाका अधिकृत वा कर्मचारी एक जना – सदस्य सचिव

कृष्ण बहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner